महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

Logo

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

परिवर्तन गाउँपालिका, रोल्पा

८०५५४५०३३००

परिवर्तन गाउँपालिका , रोल्पा

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

Logo

प.सं.:२०८०/८१ मिति : २०८०-६-२४

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
परिवर्तन गाउँपालिका, रोल्पा ,
परिवर्तन गाउँपालिका , रोल्पा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी र अन्य कारोवारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।६।१६ मा छलफल पश्चात् तयार गरिएको पाना ३३ (तेत्तिस)को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी ऐनकोदफा ३७(४) बमोजिम कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

चन्द्र प्रकाश रेग्मी
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाडौं,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रोल्पा,
rolpa.dtco@fcgo.gov.np
प्रदेश लेखा ईकाई कार्यालय, रोल्पा,
pradeshlekha05@gmail.com

परिचय

१ परिचय

(क) परिचय –स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस परिवर्तन गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ।यस परिवर्तन गाउँपालिका अन्तर्गत ६ वडा ३१ सभा सदस्य,१६३.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार ७७८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षण उद्देश्य- यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८०।०६।१६ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०९ देखि २०८०।०६।१९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजनतर्फ रु. ६६ करोड ९५ लाख ५६ हजार, राजश्वतर्फ रु. ५४ लाख ९ हजार, धरौटीतर्फ रु. १ करोड ३८ लाख ४२ हजार गरी जम्मा रु. ६८ करोड ८८ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को

बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

वित्तीय प्रतिवेदनको विस्तृत प्रतिवेदन अनुसूचि ३ मा संलग्न गरिएको छ।

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड ७७ लाख, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५ करोड ८२ लाख २ हजार, प्रदेश तथा स्थानीय शासन सहयोग तथा भाषा संस्कृति कार्यक्रमको रु.१३ लाख ९४ हजार गरी रु.१६ करोड ७२ लाख ९६ हजार सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाव** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. १८ करोड ७९ लाख २० हजार यस वर्षको भुक्तानी रु. १८ करोड ७५ लाख ३८ हजार र बैङ्क मौज्दात रु.३ लाख ८१ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी(व्यय)	बैङ्क मौज्दात
एकीकृत आर्थिक विवरण अनुसार	४८७७५७०८	६४००३१५७४	६५०५९२९०९	३८२१४३७४
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	४८७७५७०८	४५२१११०६६	४६३०५३९३९	३७८३२८३६
फरक	०	१८७९२०५०८	१८७५३८९७०	३८१५३८

सैद्धान्तिक बेरुजु

२.४ बैङ्क हिसाव विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.बैक वढी
स्थानीय तह सञ्चित कोष खाता	२६३७६९९१	२६७५८५२०	३८१५२९
विपद व्यवस्थापन खाता	६१४६५९	६१४६५९	०
धरौटी मौज्दात	१०८४११८५	१०८४११८५	०
बैङ्क मौज्दात	३७८३२८३६	३८२१४३६५	३८१५२९

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.१ करोड ३५ लाख ३२ हजार, शिक्षातर्फ शिक्षकहरुको रु.८ करोड ७२ लाख ७१ हजार पालिकाका चालुतर्फ कर्मचारीको रु.२करोड ३ लाख ६८ हजार गरी रु.१२ करोड ११ लाख ६७ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड

भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १३ व्यक्तिहरुलाई रु. १३ लाख १० हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याइ गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नु तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक नियन्त्रण**

६.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा

उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत २ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२३ लाख ५ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• विभिन्न कर तथा शुल्क भुक्तानी गर्दा सम्मै भुक्तानी गर्नुपर्नेमा नगरी यस वर्ष रु.५ हजार जरीवाना तिरेको छ । समयमानै यस्ता शुल्क भुक्तानी गरी अतिरीक्त व्ययभार नियन्त्रण गर्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।विविध खर्चतर्फ पालिकाले रू.१ करोड ९४ लाख १८ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख पुर्ण पालना गरेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **सेवा प्रवाह**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ

विवरण	जम्मा
जन्मदर्ता	863
मृत्युदर्ता	280
बसाईसराई दर्ता	84
विवाह दर्ता	411
सम्बन्धविच्छेद दर्ता	18

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाहको अभिलेख राखेको देखिएन ।

सैद्धान्तिक बेरुजु

८ **कानुन निर्माण तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा

ल्याउन सक्ने ब्यवस्था अनुसार ३ वटा ऐन तथा ३९ नियमावली तथा कार्यबिधि स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिदैन ।

सैद्धान्तिक बेरुजु

९ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार बर्ष कुल ५ विवाद दर्ता भएकोमा १ फछ्यौंट गर्न वाँकी रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१० बजेट तथा कार्यक्रम

१०.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु.५२करोड ८ लाख ६३ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मानै पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१०.२ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार वडाको लागि वडागत र पालिकास्तरका कुल १९० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या	रु.५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या	१० लाख देखि ५० लाख सम्मका योजन	रु.५० भन्दा वढीका योजना सङ्ख्या
१	पालिकास्तरीय	१९०	१५१	१९	१२	८

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा

समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.३ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १६ करोड ९३ लाख ४२ हजार भएकोमा प्रथम चौमासिकमा रु.७८ लाख १७ हजार, दोश्रो चौमासिकमा रु.४ करोड २२ लाख ३९ हजार, तेस्रो चौमासिकमा रु.७ करोड १७ लाख ७८ हजार (४२.३८ प्रतिशत), र असार महिनामा मात्रै रु.४ करोड ७५ लाख ७ हजार (२८.०५ प्रतिशत) खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१६ करोड ९३ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद कार्यको लागि खरिद ईकाई गठन गरि खरिद सम्वन्धि कार्यवाही गर्नुपर्ने भए पनि शाखाहरु आ आफ्नै आवश्यकता अनुसार खरिद गरी लेखाशाखावाट सोधभर्ना भुक्तानी हुने गरेको छ । खरिद ईकाई गठन गरि आवश्यकता अनुसार गुणस्तरिय तथा मितव्ययी खरिद कार्य गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. २ करोड ६० लाख ४९ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.६१ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.४ **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १९० योजना संञ्चालन गरेकोमा प्रगति विवरण वनाई समिक्षा गरेको देखिएन।प्रगति विवरण तयार वनाई सोको समिक्षा गरी समस्या समाधान गरी तोकेको कार्यक्रमका लक्ष्य वमोजिमका काम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.५

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	17517465	15328183.3	3.43%
२	पूर्वाधार विकास	131897091	122694163.3	27.40%
३	सामाजिक विकास	250678789	222302831.6	49.65%
4	संस्थागत विकास, सेवा प्रवाह	17210000	15722784.25	3.52%
5	अन्य कार्यालय संचालन	102917355	71670856.75	16.00%
	कुल जम्मा	520220700	447718819.1	100%

सामाजिक विकासमा ४९.६५ प्रतिशत खर्च देखिए तापनि पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउन नसकेको तथा प्राथमिकतामा राखेको पाईएन।

सैद्धान्तिक बेरुजु

१०.७ **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१ करोड ८९ लाख ६५ हजार अबण्डा बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.८ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.२७ लाख

५८ हजार भुक्तानी दिएको ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **उपभोक्ता समितिबाट खरिद तथा ढुवानी**

भौचर नं.१३।२०७९।९।२६ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ वमोजिम श्रममुलक निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउनु पर्ने तथा खरिद सम्वन्धि कार्य उपभोक्ता समिति मार्फत गर्न नपाईनेमा सावुराखोला लघुजलविद्युत आयोजनको ट्रान्फर खरीद तथा ढुवानीकार्य खरीद गरी सो वापत रु.५ लाख ९९ हजार भुक्तानी भएको छ । खरीद सम्वन्धी कार्य उपभोक्ता समिति मार्फत गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने तथा यसरी गरिएको खरीद अनियमित देखिएको रु.

अनियमित भएको	५,९९,०००

१२ **मूल्यअभिवृद्धि कर विजक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत गर्ने कामको लागत अनुमान तयार गर्दा निर्माण सामग्री खरिदको मूल्यअभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तयार गरेकोमा देहायका उपभोक्ता समितिले भुक्तानी लगेको मूल्य अभिवृद्धि कर वरावरको मूल्यअभिवृद्धि कर बिजक पेस नगरेकोले मूल्यअभिवृद्धि कर बापत भुक्तानी भएको निम्नानुसारको रु.१ लाख ४६ हजार ३९८ असुल गर्नुपर्ने रु.

भौ.नं.मिति	कामको विवरण	भुक्तानी भएको मू.अ.कर	विल पेश भएको	वढी मू.अ.कर
	गाउँपालिका पुँजिगत			
५४।७९।१२।१४	कोरलखोला मेसिनरी वाल	२१६५०।०	१६२१७।०	५४३३।०
६३।७९।१२।२१	कलभर्ट निर्माण	४४६६८।०	३५४९०।०	९१७८।०
९१।८०।१।७	कलभर्ट निर्माण	२६८८१।०	२६८८१।०	७९०१।०
१००।८०।१।१८	पुतलाचौर सोताघारी कलभर्ट	३१८६३।०	२०२८०।०	११५८३।०
१५५।८०।२।१९	मण्डली भवन निर्माण	२०५५६।०	१४४३०।०	६१५६।०
२२०।८०।३।६	श्री राष्ट्रिय मा वि मौलाकोट	४८१६१।०	२११४६।०	२७०१५।
	जम्मा			१४६३९८

असुल गर्नुपर्ने	१,४६,३९८

१३ जटिलसंरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । संघीय शसर्त पुँजिगतवाट भएका यससम्वन्धी केही उदाहरणहरु यसप्रकार रहेका छन् :

उपभोक्ता समितिको नाम	कामको विवरण	लागत	भुक्तानी रकम
नेपाल राट्रिय मा वि राङकोट	२ कोठे भवन निर्माण	५८०५५५८।०	४९९३७११।०
	गा पा पुँजिगत		
१९३।८०।२।३२	विद्युतिकरणवडा नं.३	५५२९४१	५५२४४१
श्री राष्ट्रिय मा वि मौलाकोट	२ कोठे भवन निर्माण	३८५२७०६	२९९११८८

सैद्धान्तिक बेरुजु

१४ **प्रतस्पर्धा**

भौचर नं.४८।२०८०।३।१२ विश्वमित्र आ.वि.भवन निर्माणकोलागि लागत अनुमान रु.३२ लाख ७३ हजार स्वीकृत भएकोमा २०.७८ प्रतिशत न्युन रु.२६ लाख २३ हजार मा प्रकृति निर्माणसेवासंग सम्झौता भई कार्य सम्पन्न समेत भएको छ।उक्त स्थानमा पेटी तथा पि.सि.सि.को रु.४ लाख ८० हजार लागतको काम प्रकृति निर्माणसेवावाटै सोझै कोटेसनवाट कार्य गराई रु.४ लाख ७५ हजार भुक्तानी भएको छ । यसरी सुरु लागत अनुमानमानै उक्त परिमाण थप गरि वोलपत्र द्धारा कार्य गर्नुपर्नेमा खरिद योजनमा समावेस नगरि प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा वढी लागत पर्ने गरी निर्माण कार्य गराएको छ। खरिद नियमावली वमाोजिम प्रतिस्पर्धी र मित्तव्ययी खरिद कार्या गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **निर्माण सामाग्री खरिद**

६६।२०७९।१२।२३ खरिद भएका निर्माण सामाग्री उपयोग हुनुपर्दछ । त्रिवेणी ट्रसपुल निर्माणका लागि स्टील पार्ट लगाएतका रु.१४ लाख ३ हजार ५४६ वरावरका निर्माण सामाग्री दरभाउपत्र मार्फत वुटवल ईन्जीनियरिङ प्रा लि वाट आपुर्ति भएकोमा उक्त पुल निर्माण नभएकोले उक्त सामाग्रीहरु उपयोगमा आएको छैनन ।अत: निर्माण सामाग्री उपयोग गरि सोको नापी तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,०३,५४६

१६ **खरिद नियमको पालना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(३क) वमोजिम प्रथम पटक दरभाउपत्र आब्ह्यन गर्दा तीन भन्दा कम दरभाउपत्र दर्ता भएमा पुन अर्को सुचना गर्नुपर्ने व्यवस्था छ।पुन सूचना नगरी खरिद सम्झौता गरी रकम भुक्तानी गरेको व्यहोरा देहायमा उल्लेख छ ।

१६.१भौ.नं.३।७९।६।१२ कुरेली दोभान झोलुङ्गेपुल निर्माणका लागि रु.१० लाख ३७ हजार लागत अनुमान स्वीकृत गरी २०७८।१०।२८ मा दरभाउपत्रको सूचना गरेकोमा रु.१० लाख ३७ हजार कबुल गर्ने सिद्धार्थ ईन्जीनियरिङको एकमात्र दरभाउपत्र

दर्ता भएकोमा पुन अर्को सूचना नगरेको तथा निजसंग सम्झौता गरी उक्त रु.१० लाख ३७ हजार भुक्तानी भएको छ ।यसरी नियम विपरित खरीद तथा भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	१०,३७,८०५

१६. भौ.नं.६।७९।९।११ हाईमखोला झोलुङ्गेपुल निर्माणका लागि रु.१५ लाख १३ हजार लागत अनुमान स्वीकृत गरी २०७८।१०।२८ मा दरभाउपत्रको सूचना गरेकोमा रु.१५ लाख १३ हजार कबुल गर्ने सिद्धार्थ ईन्जीनियरिङको एकमात्र दरभाउपत्र दर्ता भएकोमा पुन अर्को सूचना नगरेको तथा निजसंग सम्झौता गरी उक्त रु.१५ लाख १३ हजार ३६ भुक्तानी भएको छ । यसरी नियम विपरित खरीद तथा भुक्तानी भएको अनियमित देखिएको रु.

अनियमित भएको	१५,१३,०३६

१७ **सीमा भन्दा बढी**

सोझै खरिद सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु. १० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने तथा नियम ८४ वमोजिम रु.२० लाख सम्मको काम सिलवन्दि दरभाउपत्र द्धारा गर्न सकिनेमा निम्नानुसार १० लाख भन्दा वढीको निर्माण कार्य सोझै खरिद गरेको देखियो ।खरिद नियमावलीले तोकेको सिमा भन्दा वढीको सोझै खरिद गरेको अनियमित देखिन्छ।

भौ नं.मिति	कामको विवरण	लागत अनुमान	निर्माण व्यवसायी	भुक्तानी
१६।७९।९।१७	गोरिचौर ओखरिम मो वा	१००००२२	सान्वी एण्ड कम्पनी	९९५१४५
४५।७९।१२।१३	कटेराम रातमाटा सडक	१०००६६१	भेरोन ईन्जीनियरिङ	९९६१२८
२०३।८०।३।४	किमबोट पाछावाङ सडक	१००००९२	स्मृति एण्ड कम्पनी	९९५५३०
२४८।८०।३।१३	वडा नं २ का सडक मर्मत	१०००२५३	माडी कन्ट्रक्सन	९५८६३३

सैद्धान्तिक बेरुजु

१८ **डि.पि.आर.निर्माण**

विभिन्न योजनाहरुको डि.पि.आर.तयार गर्न रु.४६ लाख लागत अनुमान स्वीकृत विभिन्न छ परामर्शदातावाट रु.४५ लाख ८५ हजार ८३१मा कार्य गरी कार्य सम्पन्न भई उक्त रकम भुक्तानी भएको छ।गाउँपालिकामा प्राविधिक कर्मचारीहरुको दरवन्दी रहेकोमा गाउँपालिका स्तरीय योजनाको डि.पि.आर.तयार वाह्य परामर्शदातावाट कार्य गराएको, हाल सम्म भएका

डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१९ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) वमोजिम रु.१० लाख सम्मको निर्माण कार्य सोझै खरीद गर्न सकिने तथा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उक्त सिमा भन्दा वढीको खरिद कार्य एकै व्याक्ती फर्म वा कम्पनी वाट गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले सो व्यवस्था विपरित निम्नानुसार एकै फर्महरुवाट रु.३६ लाख ९१ हजार १४५ को सिमा भन्दा वढीको खरिद कार्य गरेको पाईयो ।खरिद नियमले तोकेको सिमा भित्र रहि खरिद कार्य गर्नुपर्ने तथा सिमा भन्दा वढी खरिद गरेको अनियमित देखिएको रु.

भौ. नं.	कामको विवरण	निर्माण व्यवसायी	खरिद रकम
	गाउँपालिका पुँजिगत		
२७।७९।१०।२७	लिउधिरा सुवाखोला	ग्रीनतारा ईन्जीनियरिङ	९५००४३
२८।७९।११।२	तरान सिगरगाने सडक	ग्रीनतारा ईन्जीनियरिङ	९४८३१४
४४।७९।१२।१३	तरान सिगरगाने सडक	आर के ईन्जीनियरिङ	९४६५४१
६२।७९।१२।२१	पाखेपानी गुँरासे सडक	आर के ईन्जीनियरिङ	८५०२४७
		जम्मा	३६९५१४५

अनियमित भएको	३६,९५,१४५

२० कण्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ । कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यालयबाट भुक्तानी गरिने रकमको ४ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ । कार्यालयले योजनागत अभिलेख नराखेकोले वर्कचार्ज र अन्य खर्चमा भएको कन्टिन्जेन्सी खर्च यकिन गर्न सकिएन । वर्क चार्ज र अन्य

खर्च खुल्ने गरी योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले उक्त खर्च तोकिएको सिमा र सम्बन्धित कार्यमा खर्च गरे नगरेको यकिन गर्न सकिएन। योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखी खर्चलाई पारदर्शी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **माउन्टेन वाईक मार्ग**

गोरिचौरदेखि छड्केधुरी फुलवारी हुंदै थवाङ जोड्ने युद्ध तथा धार्मिक पर्यटनका लागि माउण्टेन वाईक मार्ग निर्माणका लागि २०७८।७९ मा रु.९७ लाख लागत अनुमान स्वीकृत गरी बोलपत्र भएकोमा रु.४३ लाख १६ हजार कबुल गर्ने जि.एम.पि.निर्माणसेवा संग २०७८।११।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरी खरीद सम्झौता भएकोमा समयमा कार्य सम्पन्न हुन नसकि २०७९।३।१० सम्म म्याद थप भएकोमा २०७९।१।१७ मा कार्य सम्पन्न भएको तथा यस आर्थिक वर्षमा रु.२० लाख ४८ हजार भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा देहायमा उल्लेख छन:

भेरियसन: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ वमोजिम खरीद सम्झौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनका वखत सृजना भएमा सोको प्राविधिक पुष्ट्याई र कारण सहित भेरियसन आदेश जारि गर्न सकिने व्यवस्था छ। खरिद सम्झौता वमोजिमको सम्झौता रकम रु.४३ लाख १६ हजार रहेकोमा कार्य सम्पन्न रु.४८ लाख ७४ हजार भएकोछ ।खरिद सम्झौता भन्दा रु.५ लाख ५८ हजार वढी अर्थात १२.९२ प्रतिशत वढी काम गराई रकम भुक्तानी भएकोमा प्राविधिक पुष्ट्याई र कारण उल्लेख नभएको तथा भेरियसन स्वीकृत नभएकोले सार्वजनिक खरिद ऐन,२०६३ तथा खरिद नियमावली,२०६४ वमोजिम भेरियसन आदेश स्वीकृत हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,५८,०००

२२ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१६ लाख ५० हजार सुविधा वापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष 6 जना	कार्यपालिका सदस्य 6 जना	सभाका सदस्य 19 जना	जम्मा
1.	यातायात खर्च	144000	144000	120000	72000	36000	516000
2.	टेलिफोन,मोबाइल	42000	36000	36000	36000	30000	180000
3.	पुस्तक,पत्रीका, ईन्टरनेट	48000	48000	36000	36000	24000	192000
4.	समन्वय तथा सहजीकरण	120000	96000	72000	60000	36000	384000
5.	अतिथि सत्कार	72000	60000	48000	0	0	180000
6.	खानेपानी/बिजुली	60000	60000	0	0	0	120000
7.	चाडपर्व खर्च	15000	15000	12000	10000	7000	59000
८	अन्य भए उल्लेख गर्ने						
	जम्मा	501000	459000	324000	214000	133000	1631000

सैद्धान्तिक बेरुजु

२३ फिल्ड भत्ता

गो.भौ.न.१८२।२०७९।९।२६ र गो.भौ.न. ६१०।२०८०।३।२०स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (४१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई गाँउपलिकाको प्राविधिक कर्मचारीहरुलाई रु.६ लाख ३६ हजार फिल्ड भत्ता वितरण गरेको रु.

अनियमित भएको	६,३६,०००

२४ अनुत्पादक खर्च

पालिका भित्र संञ्चालन हुने योजनाहरुले गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधनको उपयोग, दीगो र वातावरणीय विकास गर्ने योजना छनौट गर्नुपर्नेमा वितरणमुखि कार्यक्रममा खर्च गरेको देखियो । अधिकतम प्रतिफल दिने योजन संञ्चालन हुनुपर्ने देखिन्छ यस्ता खर्चका केही उदाहरण निम्नानुसार छनः

क्रम सं.	भौ.नं.मिति	विवरण	भुक्तानी रकम
१	१२८।८०।२।५	सीव्री ईसाई मण्डली	५०००००
२	१२९।८०।२।७	थुनीकोट मण्डली	४९९८४८
३	१५५।८०।२।१९	मण्डली भवन निर्माण वडा नं ४	४९९८४८

सैद्धान्तिक बेरुजु

२५ **शिक्षा तर्फ**

२५.१ **दिवा खाजाः** .नं. १८२-२०७९।११।१|६ र भौ.नं. ३६३-२०८०।३।१४ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं. ७.१ मा दिवा खाजा अनुदान | रकम निकासा विद्यालयको सक्कल विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्र.अ. र वि.व्य.स.बाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी वास्तविक संख्या यकिन भए पश्चात मात्र रकम निकासा गर्नुपर्ने व्यवस्था भएकोमा पालिका अन्तर्गतका ४३ वटा विद्यालयहरुले नगदै वितरण गरेको भर्पाईक आधारमा जम्मा रु ९८ लाख ६९ हजार ६६९ निकासा भएको देखिन्छ । दिवा खाजा कार्यविधी अनुसार खाजा खुवाउनु पर्ने दिवा खाजामा खर्चको भएको विल भरपाई गाउँपालिकामा पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५.२ **वढी निकासाः** शिक्षा नियमावलि,२०५९ को नियम १७९मा विद्यालयहरुले कुनै कामको लागि आवस्यक्ता भन्दा वढि रकम माग गर्ने र वढि निकासा वा खर्च भएको रकम असुलउपर गरिने व्यवस्था छ ।पालिकाले विद्यालयहरुलाई तलवको प्रथम निकासा दिदा श्री जनसेवा नमूना मावि, परिवर्तन २ माग वमोजिम रु.१८ लाख ६७ हजार ५७९ निकासा दिनु पर्नेमा रु.१८ लाख ७३ हजार ६३५ निकासा भएको देखिएको हुँदा वढी निकासा भएको रु.६हजार ५६ असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	६,०५६

२५.३ **विद्यालयलाई प्रति विधार्थी अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगराइ IEMIS मा उल्लेखित विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले वितरण गरेको अनुदानको गाउँ शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन । अत: गाउँपालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ तथा पाठ्यपुस्तक र दिवा खाजा खरिद गरेको प्रतिलिपि बील पालिकामा पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५. **कार्यतालिकाः** सार्वजनिक खरिद नियमावली,२०६३ को नियम १११ वमोजिम निर्माण व्यवसायीले सम्झौता वमोजिमको काम सम्पन्न गर्ने कार्यतालिका पेश गर्ने र सो वमोजिम कार्य सम्पादन गरी तोकेको अवधिमा कार्य सम्पन्न गर्नुपर्दछ । निम्न निर्माण कार्य खरिद सम्झौता वमोजिम कार्य सम्पन्न गर्ने अवधि वाँकी रहे पनि प्रगति सन्तोषजनक छैन। सम्झौता वमोजिमको कार्य सम्पन्न गर्ने गरी कार्यतालिका पेश गर्ने तथा तोकेको काम सम्पन्न हुनुपर्ने देखिन्छ ।

क्र सं.	कामको विवरण	निर्माण व्यवसायी	सम्झौता रकम	भुक्तानी रकम	सम्पन्न गर्ने अवधि
१	जनज्योती मा.वि भवन	गेमी रोल्पा कन्ट्रक्सन	७६९८८३५	४९४०१३०	२०८०।११।१५
२	वाल कल्या आ वि	गेमी रोल्पा कन्ट्रक्सन	१४८९३३२७	४९३९६८६	२०८०।११।१५
३	वाल शिक्षा मा वि	एन जी निर्माण सेवा	८३२१२९०	४९५७०६४	२०८०।११।१५

सैद्धान्तिक बेरुजु

२६ **संघीय रकम**

गरिवी निवारणकोलागि लघुउधम विकास कार्यक्रम सञ्चालन निर्देशिक,२०७७को दफा ४१ को उपदफा ४ मा शिप विकास तालिम संञ्चालन गरी उधमिलाई प्रविधि हस्तान्तरण गर्दा प्रविधिको मुल्यको कम्तिमा २० प्रतिशत रकम उधमिले र वाकि रकम पालिकाले दिनु पर्ने व्यवस्था छ । पालीकाले संघीय सशर्तको देहायको गोश्वारा भौचर र मितिमा देहायको कार्यक्रममा खरिद भएको प्रविधिको मुल्य १०० प्रतिशतनै भुक्तानी गरी उधमीवाट संकलन भएको २० प्रतिशत रकम गाँउपालिकाको आन्तरीक राजस्व खातामा जम्मा भएको देखिएको हुदा सो रकम संघीय सञ्चितकोषमा दाखिला हुनु पर्ने रु

गोश्वारा भौचर र मिति	कार्यक्रम	रकम रु
२८०।२०८०।२।२५	आरन सम्वन्धि शिप बिकास तालिम	२२२२०।००
३५८।२०८०।३।१४	सिलाईवुनाई तालिम	१९६६०।००
३६०।२०८०।३।१४	प्रविधि तथा समाग्री हस्तान्तरण	३४५००।००
		७६३८०।००

असुल गर्नुपर्ने	७६,३८०

२७ **स्थानीय स्वाथ्य पुर्वाधार**

ठे.नं.१५।२०७७।७८: १५ शैयाको अस्पताल भवन निर्माणका लागि लागत अनुमान रु.१५ करोड २४ लाख २१ हजार स्वीकृत गरी बोलपत्र भएकोमा रु.१५ करोड २० लाख १ हजार कबुल गर्ने खानी।थोदुङ मिसन जे.भी संग २०७८।२।२३ मा २४ महिना भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा सम्झौता वमोजिमको समयमा कार्यसम्पन्न हुन नसकि २०८१।१।३० सम्म म्याद थप भएको छ।काम सुरु भएको २५ महिना अर्थात १०४ प्रतिशत समय समाप्त हुँदा ५६ प्रतिशत प्रगति भई रु.८ करोड ६१ लाख ७६ हजार भुक्तानी भएको छ।यस सम्वन्धमा देखिएका ब्यहोरा देहायमा उल्लेख छन:

कार्यतालिकाः खरिद सम्झौता वमोजि माईलस्टोन १ अनुसार पहिलो ८ महिना अर्थात २०७८।१०।२३ सम्ममा १५ प्रतिशत,१६ महिना अर्थात २०७९।६।२३ सम्म ५० प्रतिशत र २०८०।२।२२ भित्र कार्य सम्पन्न गर्नुपर्नेमा प्रथम माईलस्टोनमा तोकेको प्रगति भए पनि दोस्रो तथा तेस्रो माईलस्टोन अनुसार कार्य हुननसकि कार्य सम्पन्न भई सक्नुपर्ने अवधिमा आधामात्र काम भएको छ। साथै थप भएको अवधिमा समेत सन्तोषजनक काम हुन नसकि ५६ प्रतिशत मात्र काम भएको छ । खरिद सम्झौता वमोजिमको कार्य थप भएको अवधि २०८०।१२।२३ सम्ममा कार्य सम्पन्न गर्ने गरि संसोधित कार्य तालिका पेश गर्नुपर्नेमा गरेको देखिएन । सम्झौता वमोजिमको कार्य सम्पन्न गर्ने गरी कार्यतालिका पेश गर्ने तथा तोकेको काम सम्पन्न हुनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२८ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा

औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **ईन्धन खर्चको नापी**

गाउँपालिकाको डोजरले कार्य सम्पादन गरेकोमा सोको नापी तथा मूल्याङकनका आधारमा ईन्धन तथा मर्मत खर्च लेख्नुपर्दछ । ईन्धन तथा मर्मत खर्च लेखेकोमा सोको नापी तथा मुल्याङकन पेश नभएको विवरण देहायमा उल्लेख छः

२९.१ मर्मतसम्भार कोषवाट हेभि मेसिनरी तर्फ ईन्धन र मर्मतमा रु.२४ लाख खर्च गरेको छ । आफ्नो हेभी ईक्पमेन्टबाट कुनकुन काम गर्ने सो सम्वन्धमा रेड वुकमा उल्लेख देखिदैन ।कार्यलयले हेभी ईक्पमेन्ट कार्यमा ईन्धन र मर्मत खर्चको नापी तथा मुल्यांकंन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२४,००,०००

२९.२ भौ. नं.६३८।२०८०।३।२ कार्यालयले गाउँपालिका वाट सडक मर्मतसम्भार ईन्धन खर्च विलमात्र राखि रु.२ लाख ८३ हजार ७५० खर्च लेखेको छ ।सो खर्चलाई पुष्टाई गर्ने नापी तथा मुल्यांकंन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,८३,७५०

३० **यन्त्र उपकरण सञ्चालन**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **सामाजिक सुरक्षा**

३१.१ दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण :सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १३ बमोजिम भत्ता भुक्तानी गर्दा दोहोरो नपर्नेगरी भुक्तानी गर्नुपर्दछ। निम्न व्यक्तिलाई दोहोरो हुने गरी भत्ता भुक्तानी दिएको पाइयो । दोहोरो भुक्तानी दिएको रकम रु.१ लाख ३९ हजार ४४ एकिन गरी असुल गर्नुपर्ने रु,

सेवाग्राहीको नाम	बैंकको नाम	वडा	क्षेत्र	कैफियत	रकम
टिकाराम खत्री	ग्लोबल आई. एम . ई . बैक	१	जेष्ठ नागरिक	पहिलो, दोस्रो , तेस्रो र चौथो किस्ता	४०६१६
दिलसा बुढा		१	बालबालिका	पहिलो, दोस्रो , तेस्रो र चौथो किस्ता	९९९९
राजीराम रोका		१	जेष्ठ नागरिक	पहिलो, दोस्रो , तेस्रो र चौथो किस्ता	४०६१६
हत्तरली डाँगी		३	जेष्ठ नागरिक	पहिलो र दोस्रो किस्ता	१३७२६
कृपारामल डाँगी		३	जेष्ठ नागरिक	दोस्रो र तेस्रो किस्ता	२०६४१
आरोन बुढा मगर		३	बालबालिका	पहिलो, दोस्रो , तेस्रो र चौथो किस्ता	१३४४६
जम्मा					१३९०४४।

असुल गर्नुपर्ने	१,३९,०४४

३१. **नागरिकता नम्बर दोहोरो** : सामाजिक सुरक्षा भता वितरण कार्यविधि, २०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैंक / वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा तपशिलको व्यक्ति तथा लाभग्राहीहरुलाई नागरिकता नम्बर दोहोरो गरी सामाजिक सुरक्षा भता वापत रु.१ लाख ९१ हजार ९४० भुक्तानी गरिएको छ। नागरिकता नम्बर दोहोरो भएको सम्बन्धमा छानविन गरी पालिकावाट लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ ।

यस सम्बन्धी विस्तृत जानकारी अनुसूची ४ मा संलग्न गरिएको छ।

सैद्धान्तिक बेरुजु

३२ आन्तरिक आयतर्फ

३२.१ **राजस्व दाखिला :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने उल्लेख छ।देहाय अनुसारका वडाहरुको राजस्व असुल गर्ने वडा सचिवहरुले उठाएको राजस्व समयमा दाखिला गरेको पाइएन । तोकेको मयमा राजश्व दाखिला गराउने अन्यथा ब्याज सहित असुल गर्ने सम्वन्धमा गाउँपालिकाले आवश्यक कार्यवाही गर्नुपर्ने देखिन्छ।

वडा नं.	वडा नं तथा सचिव	उठेको राजश्व	कैफियत
१	बल बहादुर बाँठा मगर	२५४८८०।०	सवै रकम दाखिला गरे पनि ऐन वमोजिम को समयमा दाखिला नगरी ढिला गरि दाखिला गरेको
२	रेग बहादुर डाँगी	५३६७६०।०	
३	नवीन वली	२३०२९९।०	
४	बल बहादुर बाँठा	४९९५२३।०	
६	हिरामणि रोका	१७६९६९।०	
		१५९८४३१।०	

सैद्धान्तिक बेरुजु

३२.२ **राजस्व दाखिला:** वडा नं. ६ को वर्ष भरीको कुल उठेको राजस्व रु.३ लाख ५९ हजार ३५५मध्ये रु.३ लाख २७ हजार ३५९ दाखिला भई नपुग रु.३२ हजार स्थानीय संञ्चितकोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३२,०००

३२.३ **रसिद नियन्त्रण खाता भन्दा बाहिरका रसिदहरु** : राजश्वका रसिदहरु रसिद नियन्त्र खातामा चढाई प्रयोग गर्नु पर्नेमा नचढाई निम्न रसिदहरु पशु शाखा प्रयोग गरी रु.६५ हजार ५७५ दाखिला भए पनि सो रकम एकिन तथा भिडान गर्न सकिएन। राजश्व रसिद उपोग गर्दा रसिद नियन्त्र खातामा चढाई गर्ने तथा उक्त रसिदहरुको सम्वन्धमा एकिन हुनुपर्ने रु.

शाखा तर्फ	रसिद नं.	ठेली संख्या	दाखिला रकम
पशु शाखा	००१- २६५०	५३	६५५७५

प्रमाण पेश नगरेको	६५,५७५

३२.४ **राजस्व रसिद प्राप्त नभएको** : स्वास्थ्य शाखालाई ६ ठेली वितरण गरिएको मा बाँकी २ ठेली पालिकामा बुझाइएको पाइएन । उक्त ठेलीहरु (२००-२५० र २५१-३००) बाट वर्ष भरीमा उठेको रकम रु.१८ हजार ७३० राजस्व उठाइएकोमा उक्त रसिद लेखापरीक्षणको क्रममा पेश नभएको हुँदा दाखिला रकम यकीन गर्ने नसकिएको रु.

प्रमाण पेश नगरेको	१८,७३०

अनुगमन लेखापरीक्षण

३३ बेरुजुको अद्यावधिक अवस्था

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वाअसुलउपर गरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजु सँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने उल्लेख छ । कार्यालयले २०७९।८० सम्मको बाँकी बेरुजु फस्यौंट गरी सम्परीक्षणकालागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत् अनुरोध गरेको छैन। बाँकी बेरुजु सम्परीक्षणको लागि गाउँपालिकाले ध्यान दिनु पर्दछ।

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **परिवर्तन गाउँपालिका, रोल्पा** को २०७९।८० सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	११४६६२०००	०	१२६१०४६५	०	१२७२७२४६५

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : परिवर्तन गाउँपालिका, रोल्पा , परिवर्तन गाउँपालिका , रोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	प्रेम जि.एम.	२०७९-११-३०	हाल सम्म कार्यरत
लेखा प्रमुख	हरिष चन्द्र डाँगी	२०७८-९-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३९९,८७८	७,४८०,९८६	४,७२९,६०१	०	०	०
				जम्मा बेरुजु रकम	१२,६१०,४६५
				लेखापरीक्षणको क्रममा असुली रु	०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४८७७५७०९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३८१७५७१०	चालु खर्च	२७८३७५९४५
प्रदेश सरकारबाट अनुदान	३६९०५०००	पूँजीगत खर्च	१६९३४२८७४
राजश्व बाँडफाँट	७५७०५२८४	वित्तीय/अन्य व्यवस्था	२०२८७४०९०
आन्तरिक आय	५४०९८२९.०		
अन्य आय	१८३८३५७५१		
कुल आय	६४००३१५७४	कुल खर्च	६५०५९२९०९
बाँकी मौज्दात		३८२१४३७४	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	१. तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
२	२. तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
३	३. खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
४	४. संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
५	५. सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
६	६. शिक्षा तर्फ	शिक्षा तर्फ
७	७. स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
८	८. कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
९	९. खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
१०	१०. ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
११	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
१२	१२. आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
१३	अग्रीम कर कट्टा तथा दाखिला	अग्रीम कर कट्टा तथा दाखिला

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	चालु खर्च	२७८३७५९४५
	क) नगद		२	पूँजीगत खर्च	१६९३४२८७४
	ख) बैँक	३८५२१९८९	३	वित्तिय व्यवस्था भुक्तानी	
२	राजस्व (आन्तरिक आय)			क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	५४०९८२९		ख) ब्याज भुक्तानी	
	ख) राजस्व बाँडफाँड	७५७०५२८४		ग) अन्य भुक्तानी	
३	वित्तिय हस्तान्तरण संघ		४	लगानी	
	क) वित्तिय समानीकरण अनुदान	८९३५५०००		ऋण लगानी	
	ख) सशर्त अनुदान	२२७६२०७१०		शेयर लगानी	

	ग) समपूरक अनुदान	२१२००००००		अन्य लगानी	
	घ) विशेष अनुदान		५	धरौटी फिर्ता	३००१९०५
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		६	जनश्रमदान फिर्ता	
	क) वित्तिय समानीकरण अनुदान	५१०५०००	७	कोष फिर्ता	
	ख) सशर्त अनुदान	८००००००	८	मौज्दात	
	ग) समपुरक अनुदान	१४९०००००		क) बैँक मौज्दात	२६७५८५२९
	घ) विशेष अनुदान	८९००००००		ख) नगद मौज्दात	
५	अन्तर स्थानीय तहबाट प्राप्त		९	शसर्त अनुदान फिर्ता	
६	अन्य			क)संघिय अनुदान फिर्ता	१९२३५८६९
	क) क्षेत्रीय शहरी विकास योजना			ख)प्रदेश अनुदान फिर्ता	१३८६१३४

	ख) सडक बोर्ड नेपाल	१००००००	१०	गत बर्षको बढी अल्या	
	ग) पुनः एकिकरण कार्यक्रम	१७२००००	११	जनश्रमदान मौज्दात	
	घ) सुचना प्रविधि अधिकृत तलव	३८०९४३	१२	धरौट मौज्दात	१०८४११८५
७	विभिन्न कोषतर्फको आय		१३	प्रकोष व्यवस्थापन कोष खाता	
	क)प्रकोप व्यवस्थापन कोष	६००००००		क)प्रकोप व्यवस्थापन खर्च	९२३२२७२
	ख) प्रकोप व्यवस्थापन कोष गत वर्षको जिम्मेवारी	३८४६९३२		ख)प्रकोप व्यवस्थापन मौज्दात	६१४६६०
८	जनसहभागिता (नगद)		१४	संघिय अन्तरसरकारी अख्तियारी	
९	धरौटी आय	७४३६३०३		क)सामजिक सुरक्षा खर्च	१०७७००८१७

१०	धरौटी गतवर्षको जिम्मेवारी	६४०६७८८		ख)सामाजिक सुरक्षा फिर्ता	
११	संघिय अन्तरसरकारी अख्तियारी			ग) एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम खर्च	५८२०२५८३
	क) सामाजिक सुरक्षा	१०७७००८१७	15	प्रदेश अन्तर सरकारी अख्तियारी	
	ख) एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम	५८२०२५८३		क)भाषा तथा संस्कृति कार्यक्रम	४९४५१०
12	प्रदेश अन्तर सरकारी अख्तियारी			ख)प्रदेश स्थानिय तह शासन सहयेग कार्यक्रम	९०००००
	क)भाषा तथा संस्कृति कार्यक्रम	४९४५१०	16	विविध खर्च खाता	
	ख)प्रदेश स्थानिय तह	९०००००		क)सडक बोर्ड म्याचिङ खर्च	१००००००

	शासन सहयेग कार्यक्रम				
१३	अन्य विविध आय			ख)पुनः ए.कार्यक्रम खर्च	१७०७९९४
	चेक नसाटिएको	५९५		ग) पुनः ए.रकम फिर्ता	१२००६
	जम्मा	६८८८०७२८३		जम्मा	६८८८०७२८३

बेरूजु दफा ३१.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

व्यक्तिको नाम	नागरिकता नं.	वडा नं.	रकम
वर्षना बाँठा	२१६५	२	१२०००
रम्मा घर्ति			१२०००
पुजा डाँगी	२१३१		१२०००
सर्माली घर्तिनी			१२०००
देउमान डाँगी	५४३०३४३८४		१२०००
घन ब. आले			१२०००
हर्क बहादुर पुन	३७२६५		१२०००
हस्त विर राणा			१२०००
भिमे वली	१८१५	४	१२०००
गंगा वली			१२०००
देउसरी विष्ट	५४१०५१५५१		१२०००
नन्दकली वली			१२०००
हस्तमाली घर्ति	४९१		७९८०
तिलसरी घर्ति			७९८०
देउमति बाँठा मगर			७९८०

वलजित वली	५४३०३३१५३	५	१२०००
भानसिङ सुनार			१२०००